स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चैते दशैंको छेको पारेर गत शुक्रबारबाट प्रदर्शनमा आएको गायक प्रकाश सपूत निर्देशित फिल्म "वसन्त"ले घरेलु बक्स अफिसमा अपेक्षित व्यापार गर्न नसकेको भए पनि दर्शकीय प्रतिक्रिया राम्रो मिलेको छ । फिल्मले उठाएको विषयवस्तु, कलाकारको अभिनय र संगीत पक्षको प्रशंसा भइरहेको छ । यसैको बलमा फिल्मले आगामी दिनमा व्यापारिक गति समात्ने विश्वासमा निर्माण टिम छ ।

**आजको विचार...**



वृद्धाश्रम....

(दुई पेजमा)

मनोज लामिछाने



चलचित्र "अञ्जिला"को नयाँ गीत "यो देशको झण्डा" सार्वजनिक गरिएको छ । लोकराज अधिकारीको शब्द रहेको सार्वजनिक गीतमा हरि लम्सालले संगीत दिएका छन् । गायिका बबिना किराँतीको स्वरमा रहेको गीत निकै ऊर्जाशील र प्रेरणादायी छ । गीत खेलकुद क्षेत्रमा विशेष हुने निर्देशक मिलन चाम्सले बताए । गत फागुन २९ बाट प्रदर्शनमा आएको चलचित्र "अञ्जिला"ले चौथो सातामा पनि राम्रो ब्यवसाय गरिरहेको छ । यो गति फिल्म रिलिज भएपछि मात्र युट्युबमा ल्याइएको हो ।

❐ वर्ष ३० ❐ अंक २५४ ❐ २०८१ चैत २७ गते बुधबार 9 April 2025, Wednesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### हमलामा १५ जनाको मृत्यु

**(रासस/एपी)**

**देइर अल-बलाह** , चैत २६/स्थानीय स्वास्थ्य अधिकारीहरूका अनुसार इजरायली आक्रमणमा गाजा पट्टीमा राति र आइतबारसम्म १० महिला र बालबालिकासहित कम्तीमा १५ जनाको ज्यान गएको छ ।

इजरायलले हमाससँगको युद्धविरामको अन्त्य गरी गत महिना आफ्नो हवाई र भूमि युद्ध फेरि सुरु गरेको थियो । उसले लडाकुहरूलाई युद्धविराम र बन्धक मुक्तिका लागि नयाँ सम्झौता स्वीकार गर्न दबाब दिनका लागि आक्रमणको लहर र क्षेत्र कब्जा गरेको छ । साथै खाद्यान्न, इन्धन र मानवीय सहायताको आयातमा पनि रोक लगाएको छ । नासर अस्पतालका अनुसार पछिल्लो आक्रमणले दक्षिणी सहर खान युनिसमा एउटा पाल र एउटा घरमा प्रहार गरेको थियो । उक्त हमलामा पाँच पुरुष, पाँच महिला र पाँच बालबालिकाको मृत्यु भएको छ । सन् २०२३ अक्टोबर ७ मा हमास नेतृत्वको लडाकूहरूले इजरायलमा आक्रमण गर्दा करिब एक हजार दुई सय मानिसका मृत्यु भएको थियो र दुई सय ५१ जना बन्धक बनाइएको थियो । त्यसपछि दुवै पक्षबीच युद्ध सुरु भयो । युद्धविराम वा अन्य सम्झौताहरूमा अधिकांश बन्धकहरू रिहा भइसकेपछि अझै पनि ५९ बन्धक गाजामा राखिएका छन् - जसमध्ये २४ जना जीवित रहेको विश्वास गरिएको छ । गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायली आक्रमणमा कम्तीमा ५० हजार छ सय ९५ प्यालेस्टिनीको मृत्यु भएको छ ।

# ओझेलमा 'जनआन्दोलन दिवस'

***दोस्रो जनआन्दोलनपछि मुलुकमा गणतन्त्र स्थापना भएसँगै वैशाख ११ लाई लोकतन्त्र दिवस र जेठ १५ लाई गणतन्त्र दिवसका रुपमा मनाउने प्रचलनसँगै चैत २६ को जनआन्दोलन दिवस ओझेलमा पर्दै गएको समेत अनुभूति गर्न थालिएको छ ।***

**रामचन्द्र रायमाझी**

**पाल्पा, चैत २६**/नेपालमा प्रजातन्त्र पुनर्बहाली भएको दिनको सम्झनामा हरेक वर्ष चैत २६ गते जनआन्दोलन दिवस मनाउने गरिन्छ । वि.स. २०४६ चैत २६ गते ३० वर्षीय पञ्चायती शासन व्यवस्थाको अन्त्य गर्दै प्रजातन्त्र पुन:स्थापना भएको थियो । सोही दिनलाई स्मरण गर्दै मनाइने जनआन्दोलन दिवस पछिल्ला वर्ष भने ओझेलमा पर्दै गएको छ । राजनीतिक दल, नेता एवम् सर्वसाधारणले दिवसलाई बेवास्ता गर्दा ओझेलमा पर्दै गएको हो ।

विसं २०१७ पुस १ गते तत्कालीन राजा महेन्द्रले शाही नेपाली सेनाको शक्तिका भरमा प्रथम जननिर्वाचित सरकारलाई अपदस्त गरी निरंकुश शासनको सुरुवात् गरेपछि ३० वर्ष लामो सैर्षले २०४६ साल चैत २६ मा प्रजातन्त्रको पुन:स्थापना भएको थियो । वि.स. २०४७ देखि दोस्रो जनआन्दोलन २०६२/६३ सम्म जनआन्दोलन दिवसका रुपमा चैत २६ लाई मनाइन्थ्यो । सरकारले सो दिन सार्वजनिक बिदासमेत दिने गरेको थियो । दोस्रो जनआन्दोलनपछि मुलुकमा गणतन्त्र स्थापना भएसँगै वैशाख ११ लाई लोकतन्त्र दिवस र जेठ १५ लाई गणतन्त्र दिवसका रुपमा मनाउने प्रचलनसँगै चैत २६ को जनआन्दोलन दिवस ओझेलमा पर्दै गएको समेत अनुभूति गर्न थालिएको छ । यसवर्ष दिवस मंगलबार परे पनि कुनै पनि कार्यक्रम भएनन् । विभिन्न राजनीतिक दल, संघसंस्थाहरुले गरेको आन्दोलनका कारण पनि यस वर्षको जनआन्दोलन दिवस ओझेलमा पर्न गएको हो ।



फाइल फोटो

पछिल्लो केही समययता काठमाडौंमा एकपछि अर्को आन्दोलन भइरहेका छन् । चैत लागेसँगै व्यवस्था पक्षधरसहित विरोधी र अन्य केहीले आ-आफ्ना माग लिएर सडकमा आएका हुन् । चैत १५ गते एकैदिन काठमाडौंमा राजसंस्था पक्षधर र गणतन्त्र पक्षधरको जनसभा भएको थियो । राजसंस्था पक्षधरको सभा हिंसात्मक बनेपछि ठूलो क्षतिसमेत भएको थियो । त्यसयता राजसंस्था पक्षधर आन्दोलनमै छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले मंगलबार काठमाडौंको बल्खुमा आमसभा गऱ्यो । राजसंस्था पक्षधर आन्दोलित भइरहँदा देशभरका शिक्षकहरू समेत चैत २० गतेदेखि काठमाडौंमा आन्दोलित छन् । यी आन्दोलनका कारण पनि यस वर्ष दिवसका कार्यक्रमहरु हुन सकेनन् । जनआन्दोलनको भावना र मर्म बिर्सँदै गएका दलले औपचारिक कार्यक्रम गर्न समेत छाडेका छन् । ०४६ को जनआन्दोलन मात्र होइन, ०६२/६३ को दोस्रो जनआन्दोलनले पनि राजनीतिक परिवर्तन ल्याएको थियो । पहिलोले राजाले लादेको पञ्चायती व्यवस्थालाई बहुदलीय व्यवस्थामा रूपान्तरण र राजाको निरंकुशता अन्त्य गरेको थियो । राजाले फेरि आफूमा अधिकार केन्द्रित गर्न खोज्दा दोस्रो जनआन्दोलनले २ सय ४० वर्षदेखि एकछत्र राज गर्दै आएको राजतन्त्र नै उखेलिदियो । यी दुवै जनआन्दोलनलाई जनताको अधिकार प्राप्तिको महत्वपूर्ण कोसे ढुंगाका रूपमा स्मरण गर्नुपर्ने काँग्रेस नेता राजेन्द्र गोपाल सिहंले बताए । जनआन्दोलनमा जनताको योगदान र बलिदान महत्वपूर्ण रहेकाले बिर्सन नहुने उनी बताउँछन् ।

नेपाली कांग्रेसको नेतृत्वमा संयुक्त वाममोर्चाले संयुक्त रूपमा आन्दोलन गरी ३० वर्षे पञ्चायती व्यवस्थाको अन्त्य गरेका थिए । विसं २०४६ चैत २६ गतेदेखि नेपालमा बहुदलीय शासन व्यवस्थाको पुन:स्थापना भएको हो । कांग्रेस नेता गणेशमान सिंहको नेतृत्वमा भएको जनआन्दोलन ५० दिनसम्म चलेको थियो ।

विसं २००७ फागुन ७ गते नेपालमा प्रजातन्त्र स्थापना भएको दिनको अवसर पारी विसं २०४६ फागुन ७ गतेदेखि आन्दोलन सुरु भएको थियो । यो आन्दोलन विसं २०४६ चैत २६ गते सुरु भएको हो । तत्कालीन राजा वीरेन्द्रले देशवासीका नाममा सम्बोधन गर्दै चैत २६ गते बहुदलीय व्यवस्थाको पुन:स्थापना गरेका थिए । विसं २०४६ चैत २६ गते दलमाथिको प्रतिबन्ध हटाई बहुदलीय व्यवस्थाको स्मृतिमा प्रत्येक वर्ष चैत २६ गते विभिन्न कार्यक्रम गरी जनआन्दोलन दिवसका रूपमा मनाउने गरिन्छ ।

## भ्यान पल्टिँदा दुईको मृत्यु, २२ जना घाइते

**लुम्बिनी, चैत २६**/रूपन्देहीको लुम्बिनी सांस्कृतिक नगरपालिका-७ भरवलिया गाउँमा पिकअप भ्यान दुर्घटना हुँदा एक बालिकासहित दुई जनाको मृत्यु भएको छ भने अन्य २२ जना घाइते भएका छन् ।

लुम्बिनी सांस्कृतिक नगरपालिका-७ स्थित शिवगढिया मोडमा सोमबार साँझ लु१च २७६३ नम्बरको पिकअप भ्यान पल्टिँदा गैंडहवा गाउँपालिका-१ शिवपुरवाकी १२ वर्षीया अस्मिता यादव र शुद्धोधन गाउँपालिका-६ मानमटेरियाकी ४८ वर्षीया जानमती यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय रूपन्देहीले जनाएको छ । घाइतेमध्ये तीन जनाको लुम्बिनीस्थित लाइफ केअर अस्पताल र १९ जनाको भैरवास्थित युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज रानीगाउँमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय लुम्बिनीले जनाएको छ । घटनाको प्रत्यक्षदर्शी सन्दीप गुप्ताका अनुसार तीव्र गतिमा गुडिरहेको उक्त भ्यान मोडमा पुगेपछि अनियन्त्रित भई पल्टिएको थियो । भ्यानमा सवार २४ जना यात्रु लुम्बिनीस्थित मायादेवी मन्दिरबाट मुण्डन संस्कार सकेर घर फर्कने क्रममा दुर्घटना भएको उनले जानकारी दिए । दुर्घटनापछि कपिलवस्तु जिल्ला शुद्धोधन गाउँपालिका-४ बिठुवा बस्ने सवारी चालक २६ वर्षीय अशोक पासीलाई प्रहरीले नियन्त्रणमा लिई आवश्यक अनुसन्धान सुरु गरेको जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक सुरज कार्कीले बताए । सामान बोक्न प्रयोग गरिने पिकअप भ्यानमा क्षमताभन्दा बढी यात्रु सवार हुँदा भारवहन क्षमता बढी भई दुर्घटना भएको उनले उल्लेख गरे ।

*-रासस*

## 'नागरिकमा भरोसा सिर्जना गर्ने काम अब काँग्रेसले गर्छ'

**गुल्मी, चैत २६**/नेपाली काँग्रेसका महामन्त्री गगनकुमार थापाले नागरिकमा भरोसा सिर्जना गर्ने काम अब काँग्रेसले गर्ने बताएका छन् । नेपाली काँग्रेस गुल्मीको तेस्रो जिल्ला अधिवेशनलाई मंगलबार तम्घासमा सम्बोधन गर्दै महामन्त्री थापाले यस्तो बताएका हुन् ।



उनले देशको भ्रष्टाचारलाई सफा गरी जनतालाई भरोसा सिर्जना गर्ने दिशामा काँग्रेस अग्रसर भएर लागेको बताए । महामन्त्री थापाले भने, 'हामी एमालेसँगै सरकारमा छौं, देशको भ्रष्टाचारलाई सफा गर्ने काम गर्दैछौं । भ्रष्टाचारलाई सफा गर्ने क्रममा कांग्रेसको स्पष्ट कुरा छ, जोसुकै परोस्, कांग्रेस परोस्, एमाले परोस्, दायाँको परोस्, बायाँको परोस्, हाम्रो परोस्, आमाको परोस्, मामाको परोस्, हामी जान्दैनौं । गलत काम गर्ने मान्छेले सजाय पाउनुपर्छ । यो मान्यता स्थापित गर्न सक्यो भने बल्ल नागरिकहरूमा भरोसा पैदा हुन्छ । त्यो भरोसा सिर्जना गर्ने काम हामी गर्दैछौं ।' जनताले अपेक्षा गरे अनुसारको उपलब्धि दलहरूले दिन नसक्दा असन्तुष्टि बढेको उनले बताए । 'नागरिकमा असन्तुष्टि छ । असन्तुष्टि किन छ भने, २० वर्ष नागरिकले प्रतीक्षा गऱ्यो । २०६० सालदेखि २०८० साल भनेको २० वर्ष भयो । यो भित्रमा जति छिटो परिणाम आउनुपर्थ्यो । त्यो परिणाम आउन सकेन । नागरिकमा ठूलो बेचैनी र असन्तुष्टि देखिन्छ ।' नागरिकमा देखिएको असन्तुष्टिमा एकथरी मानिसले मट्टितेल खन्याउने काम गरिरहेको थापाले बताए । थापाले भने, 'एकथरीका मानिसहरू आगो ह्वारह्वार्ती बल्छ भन्ने ठानेर मट्टितेल खन्याइरहेका छन् । मट्टितेल कसले खन्याइरहेको छ भनेर पछि लाग्ने काम कांग्रेसको होइन । असन्तुष्टि किन छ भनेर चिन्ने काम कांग्रेसको हो । असन्तुष्टिको आगो निभाउने हाम्रो काम हो ।' महामन्त्री थापाले कांग्रेसको महाधिवेशन २०८४ साल अगाडि नै हुने बताए । विभिन्न बहानामा पार्टीको महाधिवेशन धकेल्ने खेल भए पनि कानुनी हिसाबले स्थानीय तहको निर्वाचन अगाडि नै पार्टीको महाधिवेशन हुने उनले दावी गरे ।

अर्का महामन्त्री विश्वप्रकाश शर्माले लोकतान्त्रिक गणतन्त्रको विकल्प नभएको बताएका छन् । उनले वर्तमान व्यवस्थाको विकल्प राजतन्त्र नभएको उल्लेख गर्दै राजतन्त्र पुन:स्थापना हुने भ्रमबाट मुक्त हुन सम्पूर्ण नागरिकलाई आग्रह गरे । उनले जनतामा निराशा र असन्तुष्टि रहेको स्वीकार गर्दै त्यसलाई सम्बोधन गर्न विलम्ब हुन नुहुने बताए । महामन्त्री शर्माले चैत ५ गते भएको स्ववियु निर्वाचनको नतिजाले नै राजतन्त्रको पक्षमा जनमत छैन भन्ने पुष्टि गरेको बताए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## डढेलोबाट वन जोगाऔं

हाल सुख्या मौसम भएकोले यतिबेला देशभरीका वनहरुमा आगोलागी हुने क्रम बढेको । फागुनको पहिलो हप्तादेखि देशका विभिन्न भागका वनमा लागेको डढेलो अझै नियन्त्रणमा आएको छैन । गर्मीयाममा वनमा डढेलो लाग्नु नयाँ विषय होइन । तर, यसवर्ष नेपालको वन क्षेत्रमा लागेको डढेलोका घटना नियन्त्रणमा नआउनु चुनौतीपूर्ण देखिएको छ । मुलुकका धेरै वन क्षेत्रमा आगलागी भईरहेको तथ्यांक सार्वजनिक भईरहेका छन् । जथाभावि लागेको डढेलोले यतिबेला सबैतिर वायु प्रदूषण बढिरहेको छ । वायु प्रदूषण बढाउनुमा वन डढेलो प्रमुख कारक रहेको विज्ञहरुले बताईरहेका छन् । तर, वनमा डढेलो लगाउने व्यक्ति हत्तपत्ति पत्ता लाग्दैन । जसले गर्दा आगजनी गर्ने व्यक्तिको मनोवल बढ्ने गरेको छ ।

पाल्पामा पनि फागुनको दोस्रो सातादेखि डढेलोले सताएको छ । हालसम्म यहाँका ३६ वटा जङ्गलमा लागेको डढेलोले ७ सय ११ हेक्टर क्षेत्रफल सखाप पारेको छ । डढेलोबाट अहिले सबैभन्दा बढी क्षति चुरे क्षेत्रका वनमा भइरहेको छ । डढेलो भनेको वनको प्रकोप भएकाले यसको नियन्त्रणमा सबै जुट्न आवश्यक छ । तर यसतर्फ कसैको पनि ध्यान पुग्न सकेको छैन । सामान्यतः हरेक वर्ष फागुनदेखि जेठसम्मको समयलाई वन डढेलोको यामभनेर चिनिन्छ । प्रायः यो समयावधिमा वन डढेलोको प्रकोप देशैभर अत्याधिक बढ्ने गरेको छ । डढेलोले वन प्राकृतिक र मानवीय धनजनको ठूलो क्षति गर्दै आएको छ । यसबाट बहुमूल्य जैविक विविधता र सम्पदासमेत खरानी भएका छन् । डढेलोका घटनाहरुले निरन्तरता पाइरहे पनि त्यसप्रति उच्च चासो र सरोकार भने निकै कम छ । डढेलोजन्य अवस्थालाई राष्ट्रिय विपत्तिको प्रमुख कारणका रुपमा समेत हेरिए पनि त्यसको नियन्त्रणप्रतिको सक्रियता भने निकै कम देख्न सकिन्छ । डढेलोका कारण मानवीयसँगै पशुपंक्षीमा समेत ठूलो क्षति पुगेको हुन्छ ।

वनमा गाईवस्तु चराउन जाने गोठालाहरुले चुरोट बिडीको ठुटोलाई आगो ननिभाईकन फाल्ने गरेका कारणले पनि जङ्गलभरी आगो फैलने गरेको छ । वन जोगाउनमा समुदायका वासिन्दाहरुको भूमिका सबै भन्दा बढी प्रभावकारी रहनेमा दुई मत नहोला । वनलाई जोगाउन सक्दा पानीका स्रोतको संरक्षण, प्रदूषण नियन्त्रण, दाउरा घाँसको सुविधा मिल्ने भएका कारण यसको महत्वलाई मनन गर्न सक्नुपर्ने आवश्यकता छ । सरकारले आफ्नो स्तरबाट गरेको प्रयासलाई अझै प्रभावकरी तुल्याउनु पर्ने आवश्यकतालाई नकार्न सकिन्न । डढेलो नियन्त्रणमा सयममै तयारी गरेर बस्न सकियो भने यसबाट क्षति न्यूनीकरणमा सफलता मिल्छ । सरकारको एकल प्रयास मात्रले वनको जोगाउन सकिदैन । तसर्थ सबै मिलेर वन जोगाउन लागौं ।

### Opinion @ Social Network

शिक्षा त्यो धन हो, जुन न त चोरले चोर्न सक्छ,
न आगोले जलाउन सक्छ।

*(मनमाया थापाको फेसबुक स्टाटस https://www.facebook.com/thapa.manmaya)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# वृद्धाश्रम बन्दैछ नेपाल



मनोज लामिछाने

*राज्य संचालनको जिम्मा लिएर बसेकाहरुको राज्य संचालनका लागि चाहिने स्पष्ट नीति, दुरदर्शिता, शिप, क्षमता र कौशलताको सिमितता हो वा निहित स्वार्थका कारण नेपालमा बिगतमा भएका साना, मझौला तथा ठुला उद्योग तथा कलकारखानाहरु बन्द भए । राजनैतिक कर्मीहरुको सत्ता प्राप्तिका लागि सधैंको खिचातानी, राजनैतिक कलह, राजनैतिक अस्थिरता र निहित स्वार्थका कारण नेपालका अधिकांश उद्योग, कलकारखाना, संघ संस्थाहरु राजनीतिको अखडा बन्यो ।*

*देशमा भएका उद्योग, कलकारखाना तथा राज्यका हरेक तह तप्कामा राजनैतिक पहुच भएका, सत्तामा आसिन भएका र हुनेखानेकाहरुले मात्र मौका पाउने भए ।*

नेपालमा छोटो समयमा धेरै राजनैतिक परिवर्तनहरु भए । राजनैतिक परिवर्तनसँगै देशमा सामाजिक, आर्थिक, शैक्षिक स्तरमा पनि उल्लेख्य सुधार हुनेछ । देशमा ठूला उद्योग तथा कलकारखानाहरु खुल्नेछन् । जनताको जिबनस्तरमा सुधार हुनेछ भन्ने धेरै नेपालीहरुको चाहना थियो । बिडम्बना देशमा राजनैतिक परिवर्तन त भयो तर राज्य संचालन गर्ने जिम्मेवार ब्यक्तिहरुको आचरणमा परिवर्तन हुन सकेन ।

राज्य संचालनको जिम्मा लिएर बसेकाहरुको राज्य संचालनका लागि चाहिने स्पष्ट नीति, दुरदर्शिता, शिप, क्षमता र कौशलताको सिमितता हो वा निहित स्वार्थका कारण नेपालमा बिगतमा भएका साना, मझौला तथा ठुला उद्योग तथा कलकारखानाहरु बन्द भए । राजनैतिक कर्मीहरुको सत्ता प्राप्तिका लागि सधैंको खिचातानी, राजनैतिक कलह, राजनैतिक अस्थिरता र निहित स्वार्थका कारण नेपालका अधिकांश उद्योग, कलकारखाना, संघ संस्थाहरु राजनीतिको अखडा बन्यो ।

देशमा भएका उद्योग, कलकारखाना तथा राज्यका हरेक तह तप्कामा राजनैतिक पहुच भएका, सत्तामा आसिन भएका र हुनेखानेकाहरुले मात्र मौका पाउने भए । गरिब तथा मध्यम बर्गका जनताको जीवनस्तरमा खासै परिवर्तन हुन् सकेन । नेपाली युवाहरुमा राज्य प्रतिको उदासिनता बढ्दै गयो । देशका अधिकांश युवाहरु रोजगारी, उच्च शिक्षा र नया अवसर प्राप्तिका लागि देश छोड्नेको लहर चल्यो । यसको परिणाम युवाहरुको विदेश पलायन हुनेको संख्या बढ्दै गयो र देशमा युवाहरुको कमी हुदै गयो । जसको परिणाम स्वरूप नयाँ नेपालको निर्माणमा जुट्नु पर्ने नेपालीहरु सामान्य गाँस, बास र कपासका लागि विदेशीहरुको गुलाम हुनुपर्ने अवस्था सिर्जना हुँदै गयो । आज देशका हरेक कुनाकाप्चा र कान्धाराहरु युवा शून्य हुँदै गैरहेका छन् भने देशमा वृद्धाहरु मात्र रहने अवस्था सिर्जना हुँदै गैरहेको छ । अर्थात् नेपाल वृद्धवृद्धाहरुको आश्रम बन्दैछ ।

वैदेशिक रोजगार बोर्डको तथ्यांकलाई नियाल्ने हो भने विगत १५ वर्षमा नेपालबाट ५७ लाख ७२ हजार १ सय साठी जनाले रोजगारीका लागि देश छोडिसकेका छन् । जसमा पुरुष ५४ लाख १३ हजार ७८४ जना र महिला ३ लाख ५८ हजार ३७६ जना छन् । गत आर्थिक वर्ष २०७९-८० को एक बर्षमा मात्र ७ लाख ७१ हजार ३२७ जना वैदेशिक रोजगारीका लागि विदेशिएका छन् । उक्त अवधिमा प्रत्येक दिन एक हजार ५४ जनाभन्दा बढी नेपालीहरु कानूनी बाटोबाटै रोजगारीका लागि विदेश गएको देखिन्छ । खुला सीमाना र गैरकानूनी बाटोबाट विदेशिएका युवाहरुको यकिन तथ्यांक प्राप्त गर्ने अवस्था छैन । २०२८ सालमा श्रम सम्बन्धी मामिला हेर्न उद्योग मन्त्रालय अन्तर्गत श्रम विभागको स्थापना भयो । श्रम विभाग स्थापना भएको एक दशकपछि २०३८ मा श्रम तथा समाजकल्याण मन्त्रालयको स्थापना भयो । नेपाल सरकारको कार्यविभाजन नियमावली परिवर्तन भई २०५२ सालमा समाज कल्याणको क्षेत्र अलग गरी श्रम मन्त्रालय मात्र कायम भएकोमा २०५७ मा यातायात व्यवस्थापनको क्षेत्रसमेत समायोजन भई श्रम तथा यातायात व्यवस्था मन्त्रालय कायम हुनगयो ।

यसै क्रममा २०६९ मा यातायात व्यवस्थाको क्षेत्र अन्यत्र लगि श्रम तथा रोजगार मन्त्रालय नामकरण गरियो । २०७४ साल चैत ३ मा कार्यक्षेत्र विस्तार भई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय कायम भयो । २०४६ साल अघिसम्म वैदेशिक रोजगारीमा जाने चलन खासै थिएन । २०४६ सालको राजनीतिक परिवर्तन पछि पासपोर्ट लिन र विदेश आवत जावत गर्न बनाइएको सहजताले वैदेशिक रोजगारीको ढोका खुलाउँदै लगेको हो । सन् १९९० को दशकमा खाडी राष्ट्र र मलेसियाले विकासको गतिमा छलांग मार्दै गएपछि ती देशहरुमा नेपाली कामदारको माग बढ्दै गयो र नेपाली युवाहरुको लागि उक्त देशहरुमा रोजगारीको लागि आकर्षणको केन्द्रबिन्दु बन्दै गयो र ठूलो संख्यामा नेपाली युवाहरु ती देशहरुमा रोजगारीको लागि जान थाले ।

नेपाल सरकारले आर्थिक वर्ष २०५०/५१ देखिमात्र श्रम स्वीकृति लिएर वैदेशिक रोजागारीमा जाने नेपालीहरुको तथ्याङ्क राख्न थालेको हो । वैदेशिक रोजगार विभागका अनुसार आर्थिक वर्ष २०५०/५१ देखि २०७९/८० सम्मको अवधिमा ६९ लाख ५३ हजार ८५९ जना नेपाली श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन् । यो संख्या कानूनी तवरले वैदेशिक रोजगारीमा जानेको मात्र हो । विगतको ३० वर्षको आंकडा हेर्ने हो भने,प्रत्येक वर्ष औसतमा २ लाख ३१ हजार ७९५ जनाभन्दा बढी नेपाली वैदेशिक रोजगारीमा गएको भेटिन्छ । उक्त अवधिमा प्रत्येक दिन औसतमा ६३५ जनाभन्दा बढी नेपालीहरु रोजगारीका लागी विदेशिने गरेको विभागको आंकडाले देखाउँछ । आर्थिक वर्ष २०८०/८१ मा मात्र ८ लाख ५६ हजार ४२२ जना नेपाली रोजगारीका लागि विभिन्न देशमा गएको आंकडाले देखाउँछ । वैदेशिक रोजगार विभागको आंकडा अनुसार श्रम स्वीकृति लिएर सबभन्दा बढी नेपाली दुबई, कतार, मलेसिया, साउदी अरब जाने गरेका छन् ।

भारत जाने नेपालीको संख्या ठूलो रहे पनि सबैको आँकडा राख्ने गरिएको छैन । उक्त अबधिमा, अध्ययनका लागि विदेश जानेको संख्या १ लाख १९ हजार ४०९ जना नेपाली शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयबाट अनुमति लिएर अध्यागमनको बाटो हुँदै विदेश गएको आंकडाले देखाउछ । अध्यनका लागि बिदेशिएका अधिकांश युवाहरु पनि अध्यन सके पश्चात: नेपाल नफर्किने अबस्थामा छन् । यसको उदाहरण हो, रुपन्देही जिल्लाको ( परिवर्तित नाम) नेपालमा डा. पढेर उच्च शिक्षाका लागि अमेरिका गएका राजेश्वोर कठायत नेपाल नफर्किने चाहना राख्छन् । नेपाल नफर्किने कारण सोध्दा उनी भन्छन्, ठूलो मेहनत र लगानी गरेर डाक्टर त भइयो नेपालमा न त लगानी अनुसारको काम छ न दाम छ । यहाँको राजनीतिक वातावरण पनि सन्तोषजनक छैन । किन फर्किने नेपाल ? यो उनको प्रश्नको उत्तर जति सरल छ त्यति नै जटिल पनि छ ।

सन् २०२४ मा मात्र ६६ हजार ८३५ जना नेपालीहरुले स्थाई रुपमा बसाई सरेर विदेशिएका छन् । नेपालबाट कुनै पनि कारण विदेशिएका अधिकांश युवाहरु सकेसम्म देश फर्किन नपरोस भन्ने चाहना राख्दछन् । यसको उदाहरण हो, काठमाडौं चाबहिलका ( परिवर्तित नाम) दिपकराज शर्मा आर्थिक रुपमा सम्पन्न छन् उच्च अध्यनका लागि उनी बेलायत गएका उतै घरजम गरेर बसेका छन् । उनले नेपालमा भएको पैत्रिक सम्पति बेचेर बेलायतमा घर किनेका हुन् तर उनका वृद्ध बाबुआमा नेपालमा छोरा फर्किन्छ कि भन्ने आशमा उमेरले असी कटाइसकेका छन् ।

त्यस्तै रौतहट जिल्लाका ( नाम परिवर्तन) राम परियारको आफ्नै कथा छ । उमेरले ५० काटिसके । बोल्न सक्दैनन् । रोजगारी छैन । उनकी श्रीमती दुवै मृगौला काम नलाग्ने भएर मृत्युको मुखमा पुगिन् । उनको किरिया गर्ने एक मात्र छोरो विदेशमा छ । छोरा आउला र आफ्नी श्रीमतीको लास जलाउला भनेर ३ दिनसम्म कुरेर बसे । यी त प्रतिनिधि पात्र मात्र हुन् । अधिकांश वृद्धवृद्धाहरुको अवस्था उस्तै छ । नेपालमा केही वर्ष यता विभिन्न अपार्टमेन्ट तथा हाउजिंगहरु धमाधम बनिरहेका छन् । यस्ता अपार्टमेन्ट तथा हाउजिंगहरुमा ८० प्रतिशत वृद्धवृद्धाहरु छन् ।

छापामा प्राप्त सूचना हेर्दा नेपाल राष्ट्र बैंकका अनुसार पछिल्लो १५ वर्षमा वैदेशिक रोजगारीमा गएका ५७ लाख ७२ हजार १६० जनाले वैधानिक तरिकाले कूल ९५ खर्ब ७८ अर्ब ६० करोड रुपैयाँ रेमिट्यान्स नेपाल भित्रिएको छ। उक्त रेमिट्यान्स २०६५ साउन १ गतेदेखि २०८० जेठ मसान्त सम्मको अवधिमा नेपाल भित्रिएको हो । बितेको १५ वर्षमा औसतमा प्रत्येक वर्ष ६ खर्ब ३८ अर्ब ५७ करोड रुपैयाँभन्दा बढी रेमिट्यान्स नेपाल भित्रने गरेको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाउँछ तर यी नेपाल भित्रिएका अधिकांश रकमहरु उत्पादक वा अनुत्पादकतर्फ खर्चिएको छ ? यसको लेखाजोखा हुन् अति आवश्यक छ ।

अहिलेको यो अवस्थालाई नेपाल सरकारले बेलैमा ध्यान दिन अति आवश्यक छ । हाल संचालनमा भएका राज्यका संरचनाहरुलाई अत्यन्त चुस्त र दुरुस्त बनाउन अति जरुरी छ । नेपाल जस्तो सानो मुलुकमा समावेशी र देखासिकीका नाममा ३ तहको सरकार, त्यसमा भएका जनप्रतिनिधिहरु, त्यसको लागत र त्यसको प्रभावको मूल्यांकन गर्न जरुरी छ । रेमिट्यान्स, जनताको कर, विदेशी अनुदान र ऋणको सूचकमा बर्सेनि बजेट बिनियोजन गर्नुपर्ने देशमा अहिलेको संरचना र ब्यबस्थापनले नेपाली युवाहरुलाई स्वदेश फर्काउन र देशमा रोजगारी सिर्जना गर्न सक्ने अवस्था छ ? यसतर्फ राज्य संचालकहरु,राजनैतिक पार्टीहरु, बुद्धिजीवी तथा सबै सरोकारवालाहरुले व्यक्तिगत स्वार्थ भन्दा माथि उठेर बहस र छलफल गर्न अति आवश्यक छ । होइन भने कुनै दिन नेपालका सबै युवाहरु विदेश पलायन हुने र वृद्धवृद्धाहरु मात्र देशमा रहने अवस्था आउन सक्छ ।

*-हाम्राकुरा डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय** ५४०२०१
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१११९
गुल्मी ०७९-५२०११९
परासी ०७८-५२०११९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : तपाईंको आत्मविश्वास उच्च रहनेछ । काममा सफलता मिल्नेछ । | **तुला** : नयाँ स्थानमा यात्रा हुन सक्छ। परिवारसँग समय बित्नेछ। |
| **वृष** : सजग रहनु पर्ने दिन हो । सल्लाहमा काम गर्नु हितकर हुनेछ। | **वृश्चिक** : दाजुभाइसँगको सम्बन्ध सुधार हुनेछ। कुराहरू व्यक्त गर्दा राहत हुनेछ। |
| **मिथुन** : सहयोगी मित्रसँग भेटघाट हुनेछ । प्रेममा प्रगति देखिन्छ । | **धनु** : व्यवसायमा फाइदा मिल्नेछ। छोटो समयको लगानी लाभदायक हुन सक्छ। |
| **कर्कट** : मानसिक शान्ति मिल्नेछ । पढाइमा ध्यान केन्द्रीत हुनेछ । | **मकर** : धेरै कुरामा ध्यान दिनुपर्नेछ। महत्वपूर्ण कार्य सम्पन्न हुनेछन्। |
| **सिंह** : काममा बाधा आउन सक्छ। धैर्य राख्नुहोस्, साथीभाइको सहयोग पाइनेछ। | **कुम्भ** : कलामा रुचि बढ्नेछ । नयाँ कामको सुरुवात गर्न सकिनेछ। |
| **कन्या** : आर्थिक पक्ष मजबुत बन्नेछ। सामाजिक मान-सम्मान बढ्ने सम्भावना। | **मीन** : नयाँ अवसरहरू पाइनेछ । प्रेम सम्बन्धमा प्रगाढता आउनेछ । |

## कला मनोरञ्जन

# सिड्नीको सफलतापछि नेपथ्य अब गोकर्णेश्वरमा



सिड्नीस्थित साढे पाँच हजार दर्शक क्षमताको 'होर्डन पभिलियन' हलमा अघिल्लो दिन हाउसफुल शो गरिसकेपछि दोस्रो दिन पुन: त्यसै हलमा तोकिएको कन्सर्ट हेर्न कति दर्शक जुट्लान् भन्ने जिज्ञासा सबैमा थियो । त्यसमाथि दोस्रो शो हुने दिन आइतबार दिउँसैदेखि सिड्नी झरीले निथ्रुक्क भिजेको थियो ।

यी सारा प्रतिकूलताका बावजुद होर्डन पभिलियन फेरि भरिभराउ भइदियो । दर्किरहेको झरीकै बीच पनि लामो लाइन बसेर हलभित्र पस्दै गरेका दर्शकको उत्साहले सिंगो परिसर रमाइलो बनाएको थियो ।

'नेपाली बसोबास गर्ने अस्ट्रेलियालगायत सबै ठाउँका लागि नेपथ्य अब लोकप्रिय नाम भइसकेको छ,' हलको रिसेप्सनमा बसेर भिडलाई नियालिरहेका हरि राम्जाली भनिरहेका थिए, 'अब आयोजकले दर्शक खोज्ने नभई दर्शकले नेपथ्य खोज्दै आउने ट्रेन्ड सुरु भइसकेको छ ।' नेपथ्यलाई प्रारम्भका तीन भ्रमणमा अस्ट्रेलिया निम्त्याउने स्थानीय आयोजक संस्था म्याग्दी समाजमा आबद्ध राम्जालीका अनुसार उतिबेला शो घोषणा गरिसकेपछि आफूहरूले केही महिना अगाडिदेखि पाकेटभरि टिकट बोकेर हिँड्नुपर्थ्यो । 'बजारमा ब्यान्डको यात्राको जानकारी प्रवाह गर्नेदेखि नेपाली कलाकारलाई माया गरिदिनुस् भन्दै गरिने अनुरोध मात्रले नपुगेपछि व्यक्तिगत सम्पर्कका आधारमा पनि टिकट पुस सेल नै गर्नुपर्थ्यो,' राम्जाली भन्दै थिए, 'अनलाइनबाटै टिकट काटेर यसरी ओइरिने दर्शकको त त्यतिबेला हामी कल्पना पनि गर्न सक्दैनथ्यौं।'

होर्डन पभिलियनमा दोस्रो दिन दर्शक कतिसम्म रमाएका थिए भन्ने उदाहरणका लागि कविता थापाको उत्साह नै पर्याप्त थियो । दाहिने खुट्टामा प्लास्टर लगाएकी उनी बैसाखी टेकेरै हलमा आइपुगेकी थिइन् । नेपथ्य सिड्नी आउने बेलामै खुट्टा भाँचिएपछि उनी कन्सर्ट हेर्न जाने कि नजाने भनेर दोधारमा परेकी थिइन् । जेजस्तो भए पनि हेर्ने अठोट गर्दासम्म पहिलो शोको टिकट बिक्री भइसकेको थियो ।

'दोस्रो शो भए पनि हेर्न पाएकामा असाध्यै खुसी लागिरहेको छ,' पढ्नका लागि नौ वर्षपहिले सिड्नी आएकी विराटनगरकी कविताले व्हिलचेयर र विशेष आवश्यकता भएका दर्शकका लागि छुट्याइएको स्थानबाट कार्यक्रम हेर्दै थपिन्, 'मलाई यो अवस्थामा पनि सुरक्षित बसेर कार्यक्रम हेर्ने व्यवस्था मिलाइदिएकामा व्यवस्थापकहरूलाई धन्यवाद दिन चाहन्छु ।' केही दिनअघि मेलबर्नको र सिड्नीकै अघिल्लो दिनको शोले समेत धित नमरेर आइतबार फेरि होर्डन पभिलियन आएका दर्शक पनि भेटिएका थिए । उनीहरू पहिलो शोको अनुभव झिलिमिलीमै बितेको र दोस्रो शो भने झनै रमाइलो बन्न पुगेको प्रतिक्रिया दिइरहेका थिए । सिड्नीको विशाल हलभित्र लगातार दुई शो सफलताका साथ प्रस्तुत गरेपछि नेपथ्य टोली स्वदेश फर्किसकेको छ । 'अस्ट्रेलियाको शृंखलाबद्ध कन्सर्ट सकेर फर्किएपछि अब हामी आउने साता गोकर्णेश्वरमा ब्यान्डलाई प्रस्तुत गर्ने तयारीमा लागिसकेका छौं,' मुख्य गायक एवं ब्यान्डका अगुवा अमृत गुरुङ भन्छन्, 'यसै चैत ३० गते शनिबार गोकर्णेश्वरको कन्सर्टमा नेपालभित्रका दर्शकसँग जम्काभेट हुनेछ ।' नेपथ्यले दुई वर्षपछि काठमाडौं उपत्यकामा कन्सर्ट गर्न लागेको हो । यसअघि २०७९ पुसमा नेपथ्य भृकुटीमण्डपमा प्रस्तुत भएको थियो । 'काठमाडौं उपत्यकाका नगरपालिकाहरू जनसंख्याका हिसाबले नेपालका अरू धेरै सहरभन्दा ठूला छन् । यी ठाउँमा पनि छुट्टै कार्यक्रम हुन सक्छ भन्ने अध्ययन गर्दै थियौं, गोकर्णेश्वरको प्रस्ताव आयो,' नेपथ्यलाई व्यवस्थापन गर्दै आएको नेपालयका किरणकृष्ण श्रेष्ठ भन्छन्, 'विदेशका आधुनिक र प्रविधिसम्पन्न हलहरूको अनुभव लिएर आएको ब्यान्डलाई गोकर्णेश्वरका दर्शकमाझ पनि उत्तिकै स्तरमा उभ्याउने तयारीमा लागेका छौं ।' कन्सर्ट गोकर्णेश्वरस्थित हनुमानचोकनजिकै खुला मैदानमा हुनेछ । यसलाई स्थानीय तन्नेरीहरूको समूह 'ग्राउन्ड अफ इभेन्ट्स'ले प्रस्तुत गर्न लागेको हो । 'नेपथ्य प्रस्तुत हुन लागेकामा दर्शक पूरै उत्साहित छन्,' स्थानीय आयोजक श्यामकृष्ण श्रेष्ठ भन्छन्, 'शो हुनुभन्दा अगावै अनलाइन र भौतिक टिकट बिक्रीमा लहरले हामी पनि निक्कै उत्साहित छौं ।' *-बाह्रखरी डटकम*

# एम्पुरान बन्यो सबैभन्दा बढी कमाउने मलायालम फिल्म



मलयालम सिनेमाका सुपरस्टार मोहनलाल हालै रिलिज भएको आफ्नो फिल्म एल २ इम्पुरान बाट फ्यानहरूले मनोरञ्जन लिइरहेका छन्। चलचित्र २७ मार्चमा रिलिज भएको थियो र त्यसयता चलचित्रले हरेक दिन कुनै न कुनै कीर्तिमान बनाइरहेको छ ।

चलचित्रले १२ दिन बितिसक्दा पनि हलमा आफ्नो पकड कायम राखेको छ । अभिनेता पृथ्वीराज सुकुमारनको निर्देशनमा बनेको यो फिल्मले अब अर्को ठूलो इतिहास रचेको छ । यसले रिलिजको १२ औं दिन कमाईमा नयाँ कीर्तिमान बनाएको छ । मोहनलाल र पृथ्वीराज अभिनित इम्पुरान मलयालम सिनेमाको सबैभन्दा धेरै कमाउने फिल्म बनेको छ। यसले आइतबारसम्म विश्वव्यापी रूपमा २५० करोडको आँकडा पार गरिसकेको छ । फिल्मलाई निर्देशन गर्नुका साथै पृथ्वीराज सुकुमारनले पनि अभिनयसमेत गरेका छन् । मोहनलाल मुख्य भूमिकामा छन् । फिल्मले विश्वभर करिब ६५ करोडको ओपनिङ लिएको थियो र सबैभन्दा ठूलो ओपनिङ गर्ने मलयालम फिल्म बनेको थियो । अब, १२ दिन पछि एल २ इम्पुरान मलयालम सिनेमाको इतिहासमा सबैभन्दा धेरै कमाउने फिल्म साबित भइसकेको छ । मेकर्स र मोहनलालले सामाजिक सञ्जालमा पोस्ट सेयर गरेर एल २ इम्पुरानले विश्वभरी २५० करोड कमाउने पहिलो मलयालम फिल्म बनेको जानकारी दिएका छन्। यसअघि सन् २०२४ मा रिलिज भएको फिल्म मञ्जुम्मेल ब्वाईजको नाममा सर्वाधिक कमाईको कीर्तिमान थियो। जसले विश्वभर बक्स अफिसमा २४०/५ करोड रुपैयाँ कलेक्सन गरेको थियो । विशेष कुरा के छ भने मोहनलालको फिल्मले भारतभन्दा विदेशमा बढी कलेक्सन गरेको छ । फिल्मले भारतबाट अहिलेसम्म १०० करोड मात्र कमाएको छ विदेशबाट १५० करोड नाघेको छ । एल २ इम्पुरानले रामनवमीको अवसरमा आइतबार सिनेमाघरहरूमा ११ औं दिन थियो। फिल्मले १० दिनमा भारतमा ९४.५ करोड कमाएको थियो । फिल्मले आइतबार ३.९७ करोड कमाएको थियो । भारतमा यसको कुल कलेक्सन सोमबारसम्म भारतीय बक्स अफिसमा १०० करोड नाघिसकेको छ ।

*-डिसीनेपाल डटकम*


## डढेलोबाट बचौं र बचाऔं

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

**अनुरोधक**
**डिभिजन वन कार्यालय**
**तानसेन, पाल्पा**


# महिला निर्देशकको द्वन्द्वप्रधान चलचित्र 'पिताम्बर'




अभिनेता प्रदीप खड्काले चलचित्र 'पिताम्बर'का लागि द्वन्द्वको प्रशिक्षण लिएर आफ्नो पात्रलाई तयार गरेको बताएका छन् ।

चलचित्र 'पिताम्बर'को ट्रेलर सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा चलचित्रको विषयमा जानकारी दिँदै अभिनेता खड्काले आफूले पात्रका लागि शारीरिक तौल घटबढसँगै आवश्यक तयारी गरेको बताए । उनले भने, 'निर्देशक, निर्मातासहितको निर्माण समूहले मलाई सुहाउँदो भूमिका छ र यसको तयारी गर्नुपर्छ भनेपछि मैले आफ्नोतर्फबाट सक्दो प्रयास गरेको छु । यस अगाडि एक सामाजिक विषयसँग सम्बन्धित चलचित्रका लागि तौल घटाएको थिएँ, यसका लागि बढाएर आफूलाई पात्रअनुसार तयार गरेँ । एक महिला निर्देशकले द्वन्द्वप्रधान चलचित्र बनाउँछु भनेपछि मैले आफ्नोतर्फबाट सक्दो मेहनत गरेको छु ।'

उनले बिनासम्झौता चलचित्र तयार भएको र सामाजिक विषयलाई द्वन्द्व विधामा प्रस्तुत गरिएको जानकारी दिए । प्राय प्रेम कथानक चलचित्रमा अभिनय गरेका अभिनेता खड्काले पहिलोपटक यस प्रकारको द्वन्द्व विधामा तयार भएको चलचित्रमा अभिनय गरेका छन् । सो चलचित्रकी निर्देशक कृषा चौलागाईंले महिला निर्देशक हुँदैमा विधागत रूपमा कमजोर ठान्नेलाई आफ्नो कामले जवाफ दिएको बताइन् ।

'यति धेरै कलाकार र प्राविधिकलाई लिएर एउटी महिला निर्देशकले कसरी काम गर्न सक्छिन् भन्ने प्रश्न धेरैको थियो । त्यसैले मलाई काममा झनै लगनशील रहन र मेहनत गर्न प्रेरित गऱ्यो । चलचित्र भव्य बनेको छ । यो सम्भव हुनुमा सम्पूर्ण कलाकारले म प्रति गर्नुभएको विश्वास र निर्माण समूहको सहयोग मुख्य कारण रहेको छ । मैले चलचित्रलाई राम्रो बनाउन कुनै सम्झौता गरेकी छैन । महिला भएकै कारण सामाजिक विधामा मात्र चलचित्र बनाउन सक्छन् भन्नेलाई मेरो कामले जवाफ दिएको छ,' उनले भनिन् । सो चलचित्रमा अभिनेता खड्कासँगै दयाहाङ राई, सौगात मल्ल, आर्यन सिग्देल, अनुपविक्रम शाही, सुरक्षा पन्त, गौरी मल्ल, रवीन्द्र झा, प्रमोद अग्रहरि, कामेश्वर चौरासिया, टीका पहाडी, सुलभ पहाडी, सुरवीर पण्डित, विशाल पहाडी, दिव्यदेव पन्त, सुपुष्पा भट्ट, दिव्या रायमाझी, गौरव विष्टलगायतका कलाकारले अभिनय गरेका छन् ।

विशाल चौलागाईं निर्माता रहेको उक्त चलचित्रमा पुरुषोत्तम प्रधानको छायाङ्कन निर्देशक, प्रदीप भारद्वाज र अभिमन्यु निरवीको पटकथा र संवाद लेखन, शेरबहादुर लामा र मानकृष्ण महर्जनको छायाङ्कन, बन्दे प्रसादको सम्पादन, आशीष अविरल र बाबुल गिरीको सङ्गीत सिर्जना, हिमाल केसीको द्वन्द्व निर्देशन रहेको छ । *-लोकान्तर डटकम*

# अनुशासनमा बाँधिएका हरिवंश



कलाकार हरिवंश आचार्यको पहिचान नै हास्य व्यङ्ग्यात्मक प्रहसन र प्रस्तुति रहँदै आएको छ । तर, विसं २०७९ मा प्रदर्शन भएको चलचित्र 'महापुरुष' मार्फत राष्ट्रिय चलचित्र पुरस्कारमा उत्कृष्ट अभिनेता घोषणा भएर पुरस्कृत भएपछि उनले आफूलाई नियमितभन्दा फरक भूमिकामा प्रस्तुत गर्दै आइरहेका छन् ।

सतसठ्ठी वर्ष पुगिसक्दा पनि आफ्ना कामलाई उनले गम्भीरतापूर्वक लिन्छन् र नयाँ कलाकारझैं मेहनत गरेर आफ्नो कर्म गर्छन् । हालै आयोजना गरिएको एक अन्तरक्रियामा अभिनेता आचार्यले अनुशासनले सफलतालाई दीर्घायु बनाउने बताए । उनले भने, "चलचित्रमा अभिनय गर्दा होस् वा प्रहसन गर्दा अहिले पनि मेरो मुटु ढुकढुक हुन्छ, मनमा डर उत्पन्न हुन्छ । त्यो डर भनेको मेरा लागि अनुशासन हो । त्यसले मलाई मेहनत गर्न प्रेरित गर्छ, त्यही कारण मेरो कलाकारिताको यात्रा यहाँसम्म आइपुगेको होजस्तो लाग्छ ।" स्वास्थ्य शरीर, शान्त मानसिक अवस्थासँगै आफ्नो सोच ३७ वर्षको युवाजस्तो भएका कारण काम गर्ने ऊर्जा उनलाई प्राप्त हुन्छ । नकारात्मकता आफूमा रहन नदिएकै कारण उनले गर्ने कर्मले कलाकारितासँगै समाजमा एउटा स्थान बनाएको छ । उनीसँगै मह जोडीका म अर्थात् मदनकृष्ण श्रेष्ठ कलाकारितासँगै सामाजिक रूपमा समेत उच्च स्थान बनाएका कलाकार हुन् । रङ्गमञ्चमार्फत आफ्नो कलाकारिता सुरू गरेका अभिनेता आचार्यले नाटक नगरेको लामो समय भइसकेको छ । यद्यपि मञ्चमा गरिने प्रहसन र नाटक उस्तै भएको अभिनेता आचार्यले बताए । "नाटक र प्रहसन उस्तै हो, खासै अन्तर छैन । किनकि दुवैमा दर्शकको अगाडि मञ्चमा कलाकारले आफूलाई प्रस्तुत गर्छन्, मैले यसै वर्ष पनि केही प्रहसन गरेँ । त्यसकारण म आफूलाई नाटकबाट टाढा रहेको जस्तो लाग्दैन", उनले भने ।

उनले कला क्षेत्रका लागि रङ्गमञ्च आमाको काखझैं भएकाले यहाँ सिकिने कलाकारिता दिगो हुने अनुभव सुनाए । राष्ट्रिय नाचघरमा गुरु हरिप्रसाद रिमालसँग नाटक, कलाकारले बोल्ने संवादको शैली सिकेको स्मरण गर्दै अभिनेता आचार्यले अभिनयमा रूचि राख्नेले आफूलाई रङ्गमञ्चमा प्रस्तुत गर्नुपर्ने धारणा व्यक्त गरे । "मैले गुरु रिमालसँग आँखाले अभिनय गर्छ भन्ने सिकेँ, त्यहाँ मैले मदन दाइसँग गरेको नाटक विज्ञापनलाई नेपालसँगै विदेशमा समेत प्रस्तुत गरेँ । हामीले त्यो नेपालमा मात्र चार सयको हाराहारीमा मञ्चन गरेका थियौँ । हाम्रो अभिनयको सुरुआत नै रङ्गमञ्चबाट भएको हो", उनले भने । उनले अभिनय गरेको पहिलो चलचित्र 'कुमारी' हो । उक्त चलचित्रमा कलाकार चाहिएको सूचना गोरखापत्र दैनिकमा देखेपछि अभिनेता आचार्यले आफू अभिनय गर्न इच्छुक रहेको निवेदन दिए । उक्त चलचित्रका निर्देशकको अगाडि एउटा चलचित्रको दृश्यलाई राम्रोसँग प्रस्तुत गरिएता पनि आफू उक्त भूमिकाका लागि छनोट नभएको अभिनेता आचार्यले बताए । स-साना भूमिकामा देखिए पनि उनले 'जीवनरेखा' र 'बासुदेव' पछि राम्रो र बढी समय पर्दामा देखिने भूमिका प्राप्त गरे । त्यसपछि अभिनयमा सक्रिय रहेका अभिनेता आचार्यले अहिले पनि उस्तै रूपमा निरन्तर काम गरिरहेका छन् । आफैं लेखक र निर्देशकसमेत रहेका अभिनेता आचार्य अरुका चलचित्रमा कलाकारका काम गर्न रुचाउछन् । "अरुले निर्माण गरेको पात्रमा कलाकार भएर काम गर्न पाउँदा मलाई सहज महसुस हुन्छ, आफैंले लेखन वा निर्देशन गरेको पात्रलाई निर्वाह गर्दा अलि बढी मेहनत गर्नुपर्छ", उनले भने । उनले अभिनय गरेको चलचित्र 'भूठान' र 'हरिबहादुरको जुत्ता' आउँदो वर्ष विसं २०८२ मा प्रदर्शन हुनेछ ।

*-हाम्राकुरा डटकम*

# बगनासकालीमा खागमौरीले टोकेर एक जनाको मृत्यु



**पाल्पा, चैत २६**/जिल्लाको बगनासकाली -२ मा खागमौरीले टोकेर एक जनाको मृत्यु भएको छ । मगलबार दिउँसो बगनासकाली-२ गोफेका ४५ वर्षीय कमल विश्वकर्माको खागमौरीले टोकेर मृत्यु भएको हो ।

विश्वकर्माले आर्यभञ्ज्याङ्गमा आरन व्यवसायी गर्दै आएका थिए । उनी खाना खान घर जाने क्रममा बाटोमा झुप्पासहितको खागमौरीले टोकेको वडा अध्यक्ष तिर्थप्रसाद भट्टराईले बताए । उनका अनुसार बाटो भन्दा तल खागको गोला रहेको र अकस्मात उडेर आएका खागमौरीको झुप्पाले टोक्न पुगेको थियो । बाटोमा हिडिरहेको अवस्थामा उनलाई खान्दुला नजिकै खागले टोकेको कार्यपालिका सदस्य गीता रेग्मीले बताइन् । उनका अनुसार एक्कासी झुप्पासहितको खागमौरी आएर विश्वकर्मालाई टोकेका थिए । खागले टोकेर उनी चिच्याएपछि स्थानीय आएर उद्धार गरेका थिए । उद्धारमा गएकाहरुलाई पनि खागले आक्रमण गर्न थालेपछि उनीहरु केही समय नजिकैको घरमा ढोका थुनेर बसेको र हार गुहारपछि विश्वकर्मालाई खागबाट छुट्याएर घर लगिएको स्थानीयले बताए । घरमा लगेर राखेको केही समयपछि विश्वकर्मा बेहोस भएका थिए । उनी बेहोस भएको खबर प्राप्त हुन साथ कार्यपालिकाको बैंठक छाडेर आफु पालिकाको गाडी लिएर उनलाई अस्पताल पुर्‍याएको सदस्य रेग्मीले बताइन् । उनलाई उपचारका लागि लुम्बिनी मेडिकल कलेज प्रभास लगिएकोमा चेकजाँचपछि डाक्टरले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सन्दीप बेल्वासेले जानकारी दिए । खागले विश्वकर्माको शरीरभरी टोकेका छन् । खागमौरी अरिङ्गल जत्रो एक प्रकारको ठूलो मौरी हो । घटनाको विषयमा थप अनुसन्धान भइरहको प्रहरीले जनाएको छ ।

# ‘नागरिकमा भरोसा सिर्जना ...

...महामन्त्री शर्माले राजाले पटक-पटक संविधान र लोकतन्त्रमाथि धावा बोलेपछि नेपाली जनताले गणतन्त्रको विगुल फुकेको बताए “नागरिकमा कैयौं असन्तुष्टि होलान्, तर त्यसको विकल्प समाधान हो राजा होइन”, उनले भने । उनले गणतन्त्रको विकल्प खोज्ने होइन यसलाई सुधार गरेर अगाडि बढ्ने हो भने । काँग्रेसका केन्द्रीय सदस्य डा. चन्द्र भण्डारीले गुल्मीको विकासमा आफु सधै सक्रिय भएर लागेको बताए । उनले पार्टीलाई बलियो बनाउनेदेखि विकास निर्माणका काममा सधै जिल्लावासीसँगै रहेको धारणा व्यक्त गरे ।

कार्यक्रममा काँग्रेसका केन्द्रीय सदस्यहरु मिनेन्द्र रिजाल, चन्द्र केसी, अजयबाबु सिवाकोटी, काँग्रेस लुम्बिनी प्रदेशका सभापति अमर पुनः, प्रदेश उपसभापति भुवनप्रसाद श्रेष्ठ, राष्ट्रिय सभा सदस्य विष्णुप्रसाद सापकोटो लगायतका नेताहरुले काँग्रेसलाई बलियो बनाएर लैजान जरुरी रहेको बताएका छन् । कार्यक्रममा काँग्रेसले जिल्लाभित्र सक्रिय उद्यमशी गर्दै आएका र शिक्षा क्षेत्रमा उत्कृष्ट हुनेहरुलाई सम्मान समेत गरेको छ । सोही अवसरमा विभिन्न पार्टी परित्याग गरी दर्जानौ व्यक्तिहरु काँग्रेस प्रवेश गरेका छन् । जिल्ला सभापति खिलध्वज पन्थीको अध्यक्षता, उपसभापति अनन्त पौड्यालको स्वागत, सचिव भगतसिं खड्काको सञ्चालनमा उद्घाटन सत्र कार्यक्रम भएको थियो ।




खेलकुद समाचार

## बास्केटबलमा नेपाल तेस्रो स्थानमा



**काठमाडौं, चैत २६**/भारतमा भएको साबा क्लब च्याम्पियन्सिप बास्केटबलमा नेपालको टाइम्स बास्केटबल क्लब तेस्रो भएको छ ।

भारतको चेन्नाईमा रहेको जवाहरलाल नेहरु इन्डोर स्टेडियममा भएको आफ्नो चौथो खेलमा टाइन्सले भुटानको थिम्पु म्याजिक्सलाई ८७-५९ ले हराएको बास्केटबल फेडेरेसन अफ इन्डियाले जनाएको छ ।

प्रतियोगितामा दक्षिण एशियाका नेपालसहित श्रीलङ्का, माल्दिभ्स, भुटान र भारत गरी पाँच देशका क्लबहरु सहभागी थिए ।

अर्थ/कर्पोरेट समाचार

## सुनको मूल्यमा निरन्तर गिरावट



**पाल्पा, चैत २६**/स्थानीय बजारमा सुनको मूल्य ओरालो लाग्ने क्रम जारी छ । अन्तर्राष्ट्रिय बजारमा मूल्य घटेसँगै नेपाली बजारमा प्रभाव देखिएको हो ।

साताको पहिलो कारोबार दिन आइतबादेखि निरन्तर गिरावट आएको सुनको मूल्यले मंगलबार पनि सोही क्रमलाई निरन्तरता पाएको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार मंगलबार छापावाल सुन ४ सय रुपैयाँले घटेर प्रतितोला १ लाख ७३ हजार ४ सय रुपैयाँ कायम भएको छ । यसअघि आइतबार तोलामा १ हजार ९ सयले घटेको सुन सोमबार ७ सयले घटेको थियो । अघिल्लो साताको अन्तिम कारोबार दिन शुक्रबार सुन ३ हजार ९ सय रुपैयाँले घटेको थियो । चैत्र २१ गते सुनको मूल्यले ऐतिहासिक रेकर्ड कायम गरेको थियो । सो दिन एक तोला सुनको मूल्य १ लाख ८० हजार ३ सय कायम भएको थियो । सुनको मूल्य घटेपनि चाँदी भने स्थिर छ । मंगलबार प्रतितोला चाँदी १ हजार ८ सय ३० रुपैयाँमा कारोबार भइरहेको महासंघले जनाएको छ । सुनको भाउ घट्नुमा ठोस आधार नरहेकाले केही दिनमै यो गिरावट अन्त्य हुने अनुमान छ । विश्वका ठूला स्टक मार्केट केही महिनादेखि नै ओरालोमा रहेकाले तिनको घाटा पूर्तिका लागि सुनको बिक्री बढेको अनुमान छ । एक वर्षमा सुनको भाउमा उच्च वृद्धि देखिएकाले अहिले सुनबाटै नाफा लिएर नगदमा रूपान्तरण गर्ने वा अरू सम्पत्तिको नोक्सानी ‘कभर’ गर्नका लागि ठूला संस्थागत लगानीकर्ताले सुनको बिक्री बढाएको अनुमान छ । अर्कातर्फ, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले निर्धारण गरेको अतिरिक्त करमा सुनसहित बहुमूल्य धातु अलग गरिएको छ ।

पहिले नै सुनसहित बहुमूल्य धातुलाई पनि कर नीतिले प्रभाव पार्ने अनुमान सहित बजारमा खरिद बढेको थियो, तर ट्रम्प नीतिले सुनसहित धातुलाई अलग गरेपछि अहिले नाफा बुक भएको अनुमान छ ।

# ग्रामीण आर्थिक विकास संघ (रेडा) पाल्पा

## शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना

सूचना प्रकाशित भएको मिति : २०८१/१२/२७

**शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना नं.**
**SQ/02/REDA/RAP 2081/082**

रिब्दीकोट गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक सहयोग तथा ग्रामिण आर्थिक विकास संघ रेडा पाल्पाको सहजीकरणमा संचालित रिब्दीकोट कृषि परियोजना अर्न्तगत ग्रामीण आर्थिक विकास संघ (रेडा) पाल्पाले Agri-equipment's (Vegetable Tunnel Support & Plastic Sheet Tunnel) का लागि आवश्यक कृषि सामग्रीहरु खरिद गर्नुपर्ने भएकोले योग्य फर्म वा संस्थालाई यो शिलबन्दी दरभाउ पत्र आह्वानको सूचना प्रकाशित गरिएको छ ।

**बोलपत्रको विवरण:**

| वस्तु /सामग्रीको नाम | जमानत रकम (रु) | शिलवन्दी दरभाउ पत्र फारम दस्तुर | शिलवन्दी दरभाउ पत्र मान्य हुने अवधि | शिलबन्दी दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति र समय | दर्ता गर्ने अन्तिम मिति र समय | शिलवन्दी दरभाउ पत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|
| कृषि सामग्रीहरुको आपूर्ति | ४६,२५०/- | १,०००/- | शिलबन्दी दरभाउ पत्रको मान्य अवधि ४५ दिन हुने छ। | २०८२।०१।१० गते कार्यालय समय भित्र | २०८२।०१।११ गते १२:०० बजे सम्म | २०८२।०१।११ गते दिनको २:०० बजे |

१. योग्य दरभाउ पत्रदाताले मिति २०८१/१२/२७ गते सूचना प्रकाशन भएको मितिले १५ दिन अर्थात २०८२/०१/१० गतेको दिन कार्यालय समय भित्रमा रु.१,००० रुपैया (फिर्ता नहुने) दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्र सहित लिखित निवेदन ग्रामिण आर्थिक विकास संघ (रेडा), पाल्पाको कार्यालय तानसेन -४ विशाल बजारमा पेश गरी शिलबन्दी दरभाउ पत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ ।
२. शिलबन्दी दरभाउ पत्रको सूचना प्रकाशन भएको मितिबाट १६ औं दिन अर्थात २०८२/०१/११ गते दिनको १२:०० बजे भित्र ग्रामीण आर्थिक विकास संघ (रेडा), पाल्पामा पेश गर्नुपर्नेछ । उल्लेखित समयभन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र अस्वीकृत गरिनेछ ।
३ . प्राप्त भएका शिलबन्दी दरभाउ पत्रहरु २०८२/०१/११ गते दिनको २:०० बजे उपस्थित हुन चाहने आपूर्तिकर्ताका प्रतिनिधिहरुको रोहबरमा ग्रामिण आर्थिक विकास संघ (रेडा), पाल्पाको कार्यालय तानसेन -४ विशालबजारमा खोलिनेछ ।
४. दरभाउ पत्र मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ दिन हुनुपर्नेछ ।
५. दरभाउ पत्रको साथ माथिको तालिका उल्लेख भए अनुसारको जमानत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ र बोलपत्र जमानत मान्य अवधि दरभाउ पत्र खोलेको मितिले कम्तिामा ७५ दिनको हुनुपर्नेछ। दरभाउ पत्रदाताले जमानत बापत नगदै राख्न चाहेमा बोलपत्रको साथ कम्तिमा रु ४६,२५०/- को ग्लोवल आइ.एम. इ. बैंक लिमिटेड, तानसेन शाखामा रहेको खाता नं. १२९०१०१०००६८७३ मा रकम जम्मा गरेको सक्कल भौचर सिलवन्दी दरभाउ पत्र साथ पेश गर्नुपर्नेछ ।
६. शिलबन्दी दरभाउ पत्र खरिद गर्ने, पेश गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ। यस्तो अवस्थामा दरभाउ पत्र तथा दरभाउ पत्र जमानतको मान्य अवधि साविककै मिति देखि गणना गरिनेछ ।
७. यस संस्थाले कुनै पनि शिलबन्दी दरभाउ पत्रदाताको बोलपत्र स्वीकार गर्न वा अस्वीकार गर्न, र बोलपत्र प्रक्रिया रद्ध गर्न सक्नेछ ।
८. बोलपत्र सम्बन्धी अन्य जानकारीका लागि ग्रामिण आर्थिक विकास संघ (रेडा), पाल्पा (फोन नं. ९८५७०६०४७४, ९८४७०९८९६३) मा सम्पर्क गर्न सकिनेछ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई